# पूर्वखोला गाउँपालिकाको आर्थिक ऐन, २०८३

पूर्वखोला गाउँपालिका
रिङ्नेरह, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# पूर्वखोला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम पूर्वखोला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यस ऐनको नाम "पूर्वखोला गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ श्रावण १ गते देखी पूर्वखोला गाउँपालिका क्षेत्रमा लागु हुनेछ

२. **मालपोत/भूमि करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम मालपोत/भूमि कर लगाइने र असुल उँपर गरिनेछ ।

३. **घर कर / घर जग्गा बहाल करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले प्रयोग गर्ने पक्की तथा कच्ची घरको वार्षिक कर लगाइने र असुल उपर गरिनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा वार्षिक बहाल रकममा घर/जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिम लगाइने घर कर / घर जग्गा बहाल करको दर अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम लगाइने बहाल रकम निर्धारण गर्नका लागि गाउँपालिकाले घर जग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

४. **व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसायको प्रकृति वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

लुन बहादुर थापा
अध्यक्ष

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम दश लाख रुपैयाँ भन्दा बढी पुँजीगत लगानी र आर्थिक कारोबार भइ अन्य जुनसुकै सार्वजनिक निकायमा दर्ता र नवीकरण भएका गाउँपालिका भित्र सञ्चालित व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्ने प्राइभेट फर्मलाई व्यवसाय अभिलेख राखी व्यवसाय अभिलेखको प्रमाणपत्र प्रदान गरिनेछ । प्रमाणपत्र प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय अभिलेख अद्यावधिक गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाइने छैन ।

(५) उपदफा (२) र (३) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची ३ मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची ४ बमोजिमको जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि कारोबार भन्नाले बिक्रेताले जारी गरेको बिल वा बिजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ ।

जुन बहादुर थापा
अध्यक्ष

(२) उपदफा (१) बमोजिमको वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने सर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

६. **विज्ञापन कर:** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड र स्टल आदिमा अनुसूची ५ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

७. **मनोरन्जन कर:** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थियटर, सङ्गीत, मनोरञ्जन प्रदर्शन स्थल, जादु, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम गाउँपालिकाले अनुसूची (६) बमोजिमको मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले उठाएको मनोरञ्जन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

८. **बहाल बिटौरी कर:** (१) गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची ७ बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ:

क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा, पसल वा आवास,



गुम बहादुर थापा
अध्यक्ष

ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाट बजार, मेला, जात्रा आदिमा थापेका पसल

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि त्यस्तो स्थानमा खरिद बिक्री हुने वस्तु तथा सेवा एवं कारोबारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा सर्त सहित सम्झौता गरी दिनुपर्नेछ।

९. **पार्किङ शुल्कः**(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची ८ बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ ।

१०. **सेवा शुल्क र दस्तुरः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिप प्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।



तुल बहादुर थापा
अध्यक्ष

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) गाउँपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असुल उपर गरिनेछः

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नान गृह, पौडी पोखरी, व्यायामशाला, गेष्ट हाउस, पर्यटकीय स्थल, छात्रावास, ह्राट बजार, पशु वधशाला, शवदाह गृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ड) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर अध्ययन, अनुसन्धान प्रयोजनका लागि ऐतिहासकि स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" वर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी असुल उपर गरिनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर <u>अनुसूची ९</u> मा उल्लेख भए बमोजिम हुनेछ ।

नुन बहादुर थापा
अध्यक्ष

११। **बिक्री तथा निकासी शुल्कः** (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची १० मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असुलीका लागि तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट गरिनेछ ।

१२. **नक्सा पास शुल्कः** पूर्वखोला गाउँपालिका भित्र नयाँ घर निर्माण गर्दा वा पुरानो घर अभिलेख राख्न अनुसूची ११ बमोजिम नक्सा पास शुल्क लिइनेछ ।

१३. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची १२ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ।

१४. **दण्ड जरिवानाः** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही

बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरिवाना सहित बक्यौता असुल गर्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसुरमा <u>अनुसूची १३</u> बमोजिम दण्ड, जरिवाना लगाउने, अन्य दण्ड, जरिवाना रकम सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१५. **कर छुटः** (१) वार्षिक रुपमा तिर्नुपर्ने राजस्व सोही आर्थिक वर्षको मङ्सिर मसान्त भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजस्वको दस प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आङ्गिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँ सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक गाउँपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधिसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

लुन बहादुर थापा
अध्यक्ष

१६. **प्रशासकीय पुनरावलोकन र पुनरावेदनः** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तिन सदस्यीय राजस्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन ।

(३) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि प्राप्त भएको निवेदन उपर पैंतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ।

(४) गाउँपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदातालाई थप भार पर्न गई हानि नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपूर्ति दिनु पर्दछ ।

१७. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस विधेयक बमोजिम सङ्कलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी सङ्कलन गर्न सक्नेछ ।

तर आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि अघिल्लो वर्षको दररेटमा नघट्ने गरी अघिल्लो वर्ष आय ठेक्का सम्झौता भएको फर्म/व्यक्तिलाई ठेक्का अवधिको म्याद थप गरी बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।

तर पटक पटक ठेक्का बन्दोबस्तको लागि सूचना आह्वान गर्दा ठेक्का बन्दोबस्त हुन नसकेमा गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि हुने देखिएमा अमानतबाट पनि त्यस्ता कार्य गर्नका लागि बाधा पुग्ने छैन ।



तुल बहादुर थापा
अध्यक्ष

(३) गाउँपालिकाले सामान्यतया: आर्थिक वर्ष सुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

(४) गाउँपालिकाले कर सङ्कलन गर्न सामान्यतया: ठेक्का बन्दोबस्त गरिने छैन ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन सहित)लाई आधार मानी गरिनेछ ।

१८. **सहयोग गर्नुपर्ने:** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१९. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने:** गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२०. **कार्यविधि बनाउन सक्ने:** (१) विधेयकको उद्देश्य कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२१. **प्रचलित कानून बमोजिम हुने:** यस विधेयकमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

तुल बहादुर थापा
अध्यक्ष

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

मालपोत/भूमि कर

पूर्वखोला गाउँपालिका वडा न.१ देखि ६ सम्मका क) कृषि क्षेत्र अन्तर्गत रजिस्ट्रेसन प्रयोजनका लागि सिफारिस गरिएको न्यूनतम मूल्य र मालपोत/भूमि कर

| वडा नं. | साबिकको गा.वि.स. | न्यूनतम मूल्य (प्रति रोपनी) | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सिलुवा | १७,००० | ०.०५% | |
| २ | जल्पा | १८,००० | | |
| ३ | रिङ्नेरह | २०,००० | | |
| ४ | देवीनगर | १७,००० | | |
| ५ | वीरकोट | १९,००० | | |
| ६ | हेक्लाङ्ग | १७,००० | | |

| पूर्वखोला गाउँपालिका वडा नं. १ देखि ६ सम्मका भू-उपयोग क्षेत्र वर्गीकरणको आवासीय/ व्यावसायिक / औद्योगिक/ खानी तथा खनिज साथै अन्य क्षेत्र अन्तर्गत रजिस्ट्रेसन प्रयोजनका लागि सिफारिस गरिएको न्यूनतम मूल्य र मालपोत/भूमि कर |
|---|
| दरः १ रोपनीसम्मको एकमुस्ट रु. ५० र त्यसपछिको प्रति रोपनी थप रु. १०। |

तुल बहादुर थापा
अध्यक्ष

## ख) आवासीय क्षेत्र

| क्र.सं. | वडा नं. | विस्तृत विवरण | न्यूनतम मूल्य (रु.) | कैफियत |
|---|---|---|---|---|
| | | आर्यभन्ज्याङ-रामपुर मोटर बाटो(आलोक मार्ग) | | |
| १ | १ | सानो गल्धा र बैछाप बजार क्षेत्रमा सडकको मापदण्ड बाहेक दायाँबायाँ २० मिटर सम्म | प्रति रोपनी ५,००,०००।- | |
| २ | | सानो गल्धा र बैछाप बजार क्षेत्रमा दायाँबायाँ २१ देखि ५० मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | |
| ३ | | दार्सिङभन्ज्याङ-रिङ्नेरह मो.बा. क्षेत्र देखि दायाँबायाँ सड्कको मापदण्ड बाहेक १५ मिटर सम्म | प्रति रोपनी ८,००,०००।- | |
| ४ | | विस्तारित मार्ग क्षेत्र देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति रोपनी १,००,०००।- | |
| ५ | | अल्की चौर, वसुगा वस्ती क्षेत्र, कोक्सेदी वस्ती क्षेत्र, कराकचिस वस्ती क्षेत्र, मुसलाङ् वस्ती क्षेत्र, रोमन्दी वस्ती क्षेत्र, तालखोला वस्ती क्षेत्र, तालटुङ्ग वस्ती क्षेत्र, तामाखानी वस्ती क्षेत्र, सामुघा टोल, बुढाथोकी टोल, पाङजुङ वस्ती क्षेत्र, माथिल्लो डुम्रे टोल, जामकोट गाउँ, सिमलभञ्याङ्ग टोल, शिरडाँडा टोल, पोखरडाँडा टोल, मनहरी टोल, गेझाबारी टोल, खत्रीडाँडा टोल | प्रति रोपनी ३०,०००।- | |

नुन बहादुर थापा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | हुमिन - ज्यामिरे (पालिका पहुँच मार्ग) | | |
| ६ | | ज्ञानचौर र लाँकुरी क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी ६,४०,०००।- | |
| ७ | २ | ज्ञानचौर र लाँकुरी क्षेत्रमा दायाँबायाँ २१ देखि १०० मिटर सम्म | प्रति रोपनी ३,००,०००।- | |
| | | हुमिन - जल्पा-बहादुरपुर मोटर बाटो | | |
| ८ | | जल्पा बजार क्षेत्र बाहेकको दायाँबायाँ २० मिटर सम्म | प्रति रोपनी २,००,०००।- | |
| ९ | | जल्पा-रिङ्नेरह मो.बा. क्षेत्र देखि दायाँबाँया सडकको मापदण्ड बाहेक १५ मिटर सम्म | प्रति रोपनी १,००,०००।- | बर्मु देखि दुर्गा मन्दिरसम्म |
| १० | | जल्पा-रिङ्नेरह, मो.बा. क्षेत्र देखि दायाँबाँया सडकको मापदण्ड बाहेक १५ मि सम्म | प्रति रोपनी ३,००,०००।- | छाब्दी माथिल्लो, छाब्दी बिच, छाब्दी ठुला खरक टोल र कुखुरे टारी |
| ११ | | बस्ती जोड्ने मो.बा. देखि दायाँबायाँ १५ मि सम्म | प्रति रोपनी २५,०००।- | |
| १२ | | राक्से रिप पाखो टोल, गोर डाँडा वस्ती क्षेत्र, रोकुन खोला नयाँ वस्ती क्षेत्र, लाकुरी टोल मैदान, मैदान टोल, साठीकोल टोल, तल्लो बेतिनी वस्ती क्षेत्र, अर्गी डाँडा वस्ती क्षेत्र, थापना डाँडा टोल क्षेत्र, भुटुक डाँडा टोल क्षेत्र, वापन वस्ती क्षेत्र, खन्टुङ्ग वस्ती क्षेत्र, मुडेखरक टोल, सकेनी गाऊँ क्षेत्र, तल्लो झेरुदी क्षेत्र, अधमारा टोल, सुबि डाँडा टोल, घोरली खरक टोल | प्रति रोपनी ३०,०००।- | |
| | | | | |



मुन बहादुर थापा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | हुमिन–ज्यामिरे (पालिका पहुँच मार्ग) | | |
| १३ | ३ | बिरुवाटारी र सिमल मुनि सिद्रे क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी १२,००,०००।- | |
| १४ | | हुमिन-ज्यामिरे (पालिका पहुँच मार्ग) सडकमा दायाँबायाँ २१ देखि १०० मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | |
| १५ | | वस्ती जोड्ने मो.बा. देखि दायाँबायाँ १५ मिटरसम्म | प्रति रोपनी २५,०००।- | |
| १६ | | खरु टोल वस्ती क्षेत्र, चिसापानी टोल वस्ती क्षेत्र, कोल डाँडा वस्ती क्षेत्र, बगु मनु वस्ती क्षेत्र, साउँनेतारी वस्ती क्षेत्र, सोह्य बिसे वस्ती क्षेत्र, भाग्वा वस्ती क्षेत्र, रोरेङ्ग वस्ती क्षेत्र, गारङ्ग टोल वस्ती क्षेत्र, देउराली डाँडा वस्ती क्षेत्र, सित डाँडा वस्ती क्षेत्र, चामधारा वस्ती क्षेत्र, रातेडाँडा वस्ती क्षेत्र, भुकिया डाँडा वस्ती क्षेत्र, खाक्सि टोल वस्ती क्षेत्र, गराङ्गा डाँडा वस्ती क्षेत्र, लक्षे थुम्का गैरा थार वस्ती क्षेत्र, थापना डाँडा वस्ती क्षेत्र, | प्रति रोपनी ३०,०००।- | |
| १७ | | राम जाली वस्ती क्षेत्र, दर्मि चौर वस्ती क्षेत्र, बयार थान वस्ती क्षेत्र, दर्मि चौर वस्ती क्षेत्र, पानी डाँडा वस्ती क्षेत्र, | प्रति रोपनी ३०,०००।- | |
| १८ | | मन्दिर डाँडा दामई टोल, गेझा डाँडा वस्ती क्षेत्र,ज्यामिरे डाँडा घर वस्ती क्षेत्र, दामिचौउर वस्ती क्षेत्र पाटा टोल, खुम पाटा टोल वस्ती क्षेत्र, | प्रति रोपनी ३०,०००।- | |
| १९ | | एकिकृत विकास वस्ती क्षेत्र रिङ्नेरह | प्रति रोपनी ३०,०००।- | |
| २० | | सुखाउँरा वस्ती क्षेत्र वडा नं.१ रिङ्नेरह | प्रति रोपनी ३०,०००।- | |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २१ | | सुखाउँरा वस्ती क्षेत्र वडा नं.३ रिङ्नेरह, रातो थुम्का वस्ती क्षेत्र | प्रति रोपनी ३०,०००।- | |
| | | हुमिन - जल्पा-बहादुरपुर मोटरबाटो | | |
| २२ | | काफलडाँडा र चिर्तुङ्ग क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी ३,२०,०००।- | |
| | | हुमिन-ज्यामिरे (पालिका पहुँच मार्ग) सडक | | |
| २३ | | सिमल्दी र मङ्गला क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी ३,२०,०००।- | |
| २४ | ४ | हुमिन–ज्यामिरे (पालिका पहुँच मार्ग) सडकमा दायाँबायाँ २१ देखि १०० मिटर सम्म | प्रति रोपनी ५०,०००।- | |
| | | देवीनगर, मोहकाल, ढाक्रेवास र देवीनगर सिमल्दी मोटर बाटो | | |
| २५ | | देवीनगर चोक देखि अङ्कुरचोक बाहेकको दायाँबायाँ २० मिटर सम्म | प्रति रोपनी २५,०००।- | |
| २६ | | बस्तीस्तरको मो.बा. देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति रोपनी २५,०००।- | |
| २७ | | बलिपोखरा हटिया बस्ती क्षेत्र, सिमल्दी बिच टोल बस्ती क्षेत्र , घोर्लीखरक टोल, बलिपोखरा सिँजालि टोल, बलिपोखरा झगर खरक टोल, बलिपोखरा सुबेदार टोल माथिल्लो, बलिपोखरा फाँट टोल, माझिडाँडा टोल, जमुनडाँडा टोल, मोहकाल खाल्टे टोल, मोहकाल कुसुमबारी टोल, मोहकाल कोईलेखरक टोल, माथिल्लो मोहकाल बस्ती क्षेत्र, बलीपोखरा खिरीनडाँडा मश्राङ्गी टोल, बलिपोखरा लकुरीखरक टोल, चिर्टुङ झरझरे टोल | प्रति रोपनी ३०,०००।- | |
| २८ | | समानसिँह वस्ती क्षेत्र, धापखोला टोल वस्ती क्षेत्र, झ्यामिरे टोल वस्ती क्षेत्र, लाइखोला वस्ती क्षेत्र, केराउली वस्ती क्षेत्र, मुन्टुङ्ग वस्ती क्षेत्र, उडडाँडा बस्ती क्षेत्र, सोमदीप टोल सबै वस्ती क्षेत्र, नेपाली टोल वस्ती क्षेत्र, तल्लो लेमदेम वस्ती क्षेत्र, माथिल्लो लेमधेम वस्ती क्षेत्र, बेसार्घा टोल | प्रति रोपनी ३०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | | वस्ती क्षेत्र | | |
| | | आर्यभन्ज्याङ-रामपुर मोटर बाटो(आलोक मार्ग) | | |
| २९ | | आर्यभन्ज्याङ-रामपुर मो.बा. (आलोक मार्ग) क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी १२,८०,०००।- | |
| ३० | | आर्यभन्ज्याङ-रामपुर मो.बा. (आलोक मार्ग) क्षेत्रमा दायाँबायाँ २१ देखि ५० मिटर सम्म | प्रति रोपनी ५०,०००।- | |
| ३१ | ५ | खल्लुकभन्ज्याङ-बिर्ता बजार मो.बा. देखि दायाँबायाँ सडकको मापदण्ड बाहेक १५ मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | खल्लुकभन्ज्याङ देखि स्याफट, घिनार्दी, पौडेल थुम्का र बेंसीबारी क्षेत्र |
| ३२ | | खल्लुकभन्ज्याङ-बिर्ता बजार मो.बा. देखि दायाँबायाँ सडकँको मापदण्ड बाहेक १६ मिटर देखी १०० मिटर सम्म | प्रति रोपनी २,४०,०००।- | खल्लुकभन्ज्याङ देखि स्याफट, घिनार्दी, पौडेल थुम्का र बेंसीबारी क्षेत्र |
| ३३ | | वीरकोट गेझा मो.बा. देखि दायाँबायाँ सडकको मापदण्ड बाहेक १५ मिटर सम्म | प्रति रोपनी ३,२०,०००।- | आफरडाँडा र साँधभन्ज्याङ |
| ३४ | | बस्तीस्तरका मो.बा. देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति रोपनी १,००,०००।- | |
| ३५ | | लामो भट्टी देखि मौलाथार दायाँ वायाँ माथिल्लो | प्रति रोपनी ३०,०००।- | |
| ३६ | | कर्नेडाँडा वस्ती क्षेत्र, मडे खरक वस्ती क्षेत्र, भूयारथान वस्ती क्षेत्र, बाहुन डाँडा वस्ती क्षेत्र, ढेमथोक वस्ती क्षेत्र, दुमरीकोन वस्ती क्षेत्र, शिखर डाँडा वस्ती क्षेत्र सबै, रोलगैरा टोल, गोङ्ग डाँडा वस्ती क्षेत्र, बरझे टोल सवै वस्ती क्षेत्र | प्रति रोपनी ३०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | खाकसी टोल, मोचावारी बस्ती क्षेत्र सवै, बुढीलेक वस्ती क्षेत्र सवै, भर्से/थुमवास/थापडाँडा वस्ती क्षेत्र, छतिउँन वस्ती क्षेत्र, कुरडाँडा वस्ती क्षेत्र, वासा वस्ती क्षेत्र, टोलादी वस्ती क्षेत्र, खरक टोल वस्ती क्षेत्र, भाङ्गडाँडा वस्ती क्षेत्र | प्रति रोपनी ३०,०००।- | |
| ३८ | | आर्यभन्ज्याङ-रामपुर मो.बा. देखि दायाँबायाँ सडकको मापदण्ड बाहेक ३० मिटर सम्म | प्रति रोपनी १,००,०००।- | झेमराङ्ग क्षेत्र |
| ३९ | | सेर्कावास-हेक्लाङ्ग र बस्तीस्तरका मो.बा. देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति रोपनी ८,००,०००।- | |
| ४० | ६ | लाकुरी वस्ती क्षेत्र सबै, चेभुङ्ग वस्ती क्षेत्र, पोखरेदी वस्ती क्षेत्र, सालवास वस्ती क्षेत्र, गल्धा वस्ती क्षेत्र, रिदी टोल वस्ती क्षेत्र, सातक डाँडा वस्ती क्षेत्र, पनेर्दी वस्ती क्षेत्र, खुम डाँडा वस्ती क्षेत्र, पोखरा थोक वस्ती क्षेत्र, बाँसधारा वस्ती क्षेत्र, अर्ज्यानदी वस्ती क्षेत्र, लेर्घा वस्ती क्षेत्र, आध मारा वस्ती क्षेत्र, पल्ली खरक वस्ती क्षेत्र, पोखरेदी टोल, | प्रति रोपनी ३०,०००।- | |
| ४१ | | लाम्पल वस्ती क्षेत्र, जिम्माल टोल, पाखुरे वस्ती क्षेत्र, भञ्जायाङ्ग थोक वस्ती क्षेत्र, पिपेन्दी क्षेत्र, बोरक्या वस्ती क्षेत्र, टोकझ्यादी वस्ती क्षेत्र, चेभुङ्ग भुटुके टोल वस्ती, गौंखोला वस्ती क्षेत्र, डेन्जा टोल वस्ती क्षेत्र | प्रति रोपनी ३०,०००।- | |

## ग) व्यावसायिक क्षेत्र

| क्र.सं. | वडा नं. | क्षेत्र | न्यूनतम मूल्य | कैफीयत |
|---|---|---|---|---|
| १ | १ | हटिया बजार क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी ५,००,०००।- | |



अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | १ | दार्सिङ्ग भञ्जाङ्ग बजार क्षेत्रको दाया बाया २० मिटर सम्म | प्रति रोपनी ५,००,०००।- | |
| ३ | १ | हटिया बजार क्षेत्रमा दायाँ बायाँ २१ देखि ५० मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | |
| ४ | २ | लावे बजार देखि पूर्वखोला पुल सम्ममा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी २४,००,०००।- | |
| ५ | २ | जल्पा बजार क्षेत्रको दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी १२,००,०००।- | |
| ६ | २ | लावे बजार देखि पूर्वखोला पुल सम्ममा दायाँबायाँ २१ देखि १०० मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | |
| ७ | ३ | द्वारीगौडा, पचासे र बिर्ता बजार क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी २४,००,०००।- | |
| ८ | ३ | कलौली, सातबिसे र आठबिसे क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी १६,००,०००।- | |
| ९ | ४ | देवीनगर बजार क्षेत्रमा सडक देखि दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी ८,००,०००।- | |
| १० | ४ | कोन्द्रे खोला देखि सिमल्दी खोला क्षेत्रमा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी ३,२०,०००।- | |
| ११ | ४ | देवीनगर चोक देखि अङ्कुरचोक सम्ममा दायाँबायाँ सडकको मापदण्ड बाहेक २० मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | |
| १२ | १-६ | अन्य व्यावसायिक क्षेत्र | प्रति रोपनी ३०,०००।- | |

लुन बहादुर थापा
अध्यक्ष

| घ) औद्योगिक क्षेत्र | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वडा नं. | क्षेत्र | न्यूनतम मूल्य (प्रति रोपनी रु.) | कैफियत |
| १ | १ | रेचे घाट | ५०,०००।- | |
| २ | २ | जल्पा जगरखर्क बाटो माथि क्षेत्र | ३०,०००।- | |
| ३ | ३ | हर्नाखोरी ठाडे ढुङ्गा क्षेत्र | २,००,०००।- | |
| ४ | ४ | चिर्तुङ काफल डाँडा क्षेत्र | २५,०००।- | |

| ङ) खानी तथा खनिज क्षेत्र | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वडा नं. | क्षेत्र | न्यूनतम मूल्य (प्रति रोपनी रु.) | कैफियत |
| १ | १ | सामुघा | ३०,०००।- | |
| २ | २ | जमले | ३०,०००।- | |
| ३ | २ | साठीकोल | ५०,०००।- | |
| ४ | ३ | कमेरे सुखौरा क्षेत्र | ३०,०००।- | |
| ५ | ४ | बलिपोखरा, काफलडाँडा, सोमदीप र उडडाँडा | ३०,०००।- | |
| ६ | ५ | धाउँखानीडाँडा | २०,०००।- | |

च)वन क्षेत्र: गाउँपालिका भित्रका सामुदायिक, कबुलियती, धार्मिक वनले समेटेको क्षेत्रमा रहेका निजी जग्गाहरुः प्रति रोपनी रु. १५,०००।-

| छ) नदी, खोला, ताल र सिमसार क्षेत्र | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वडा नं. | क्षेत्र | न्यूनतम मूल्य | कैफियत |
| १ | १ | बिरुवा, कुइल्दी र निस्दी | | |
| २ | २ | वाम्दी, मर्स्याङ्दी, खान्तुङ, रोकुङ, आरुङखोला, गाङ्दी, बर्मु र गबडे | | |
| ३ | ३ | पूर्वखोला, मन्टुसा, गरङ्गा, सिद्रे, | | |



हुम बहादुर थापा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | सपाहा, चिसापानी, कोलडाँडा र झरङ्गा | प्रति रोपनी रु. २०,०००।- | |
| ४ | ४ | लाभे, सिमल्दी, भुरुङ, लाइखोला, छेबकुन, कोन्द्रे खोला, डुड, राहुभन्ज्याङ, चिर्तुङ्ग, खर्तुङ, ढापखोला, धुन्द्रे र घरङ्गा | | |
| ५ | ५ | मन्टुसा, तेर्से, बगरी, ग्याप्दी र पल्ली खोला | | |
| ६ | ६ | झम्मा, खानी र दोभान खोला | | |

ज) सार्वजनिक उपयोगको क्षेत्रमा रहेका निजी जग्गाहरु

| क्र.सं. | वडा नं. | क्षेत्र | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | १ | दार्सिङभन्ज्याङ र केङ्सेङ्दी | प्रति रोपनी रु. ३०,०००।- | |
| २ | २ | जल्पाखेल्लमैदान, चुलीडाँडा पर्यटन क्षेत्र, बगेल्ला र सल्लेनी वनभोज स्थल | | |
| ३ | ३ | रिङनेरह, पूर्वखोला बसपार्क, सपाहा क्षेत्र र सातविसे पुल क्षेत्र | | |
| ४ | ४ | बेसार डाँडा | | |
| ५ | ५ | मौला, राँकेभन्ज्याङ र निशानडाँडा | | |
| ६ | ६ | किरीभन्ज्याङ | | |

झ) सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा रहेका निजी जग्गाहरु

| क्र.सं. | वडा नं. | क्षेत्र | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | १ | अकला देवी, मण्डली चुरा बराजु र कोट घर | प्रति रोपनी रु. १५,०००।- | |
| २ | २ | जल्पा देवी, खाँणदेवी, बराजु थान, सिम्बु थान, विन्धवासिनी मन्दिर र सत्य ओडार | | |
| ३ | ३ | शिव दुर्गा मन्दिर, तीन कन्या, बराहा मन्दिर र अर्खल डाँडा कोत घर | | |
| ४ | ४ | भानुमाता मन्दिर क्षेत्र, चुली डाँडा, हिरा | | |

| | | | | |
|---|---|---|---|---|
| | | देवी लमेधेम, सिमल्दी शिवालय, विश्वकर्मा मन्दिर, भीमसेन र बराजु थान | | |
| ५ | ५ | खाँडदेवी, कालिका, अकला, सातभाइ सिद्ध बुढीलेक, मनकामना, रम्भा देवी, भट्टी ओडार, चुली डाँडा र झाकरी लुहुङ | | |
| ६ | ६ | बराह देवी, खाँडदेवी र सत्यवती | | |

ञ) नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र: नेपाल सरकारले तोके बमोजिम ।

ट) रजिस्ट्रेसन प्रयोजनका लागि सिफारिस गरिएको पक्की घरको न्यूनतम मूल्य:

| क्र.सं. | वडा नं. | विवरण | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | १-६ | पक्की घर | प्रति वर्ग फिट रु. १,०००।- | |

## अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

### घर कर तथा घर/जग्गा बहाल कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | घर कर | पक्की घर एक तला | २०० | |
| | | पक्की घर दुई तला | ३०० | |
| | | पक्की घर तिन तला | ४०० | |
| | | पक्की घर चार तला | ५०० | |
| | | टीनको घर | १०० | |



लुन बहादुर थापा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | बहाल कर | कोठा वा घर भाडाको | ५% | |
| | | जग्गाको | १% | |

| घर बहाल करका लागि विभिन्न घर प्रति कोठाको न्यूनतम भाडा दर (रु.) देहाय बमोजिम हुनेछ। | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. | कोठा विवरण | आर्यभन्ज्याङ-रामपुर सडक बजार क्षेत्र | आर्यभन्ज्याङ-रामपुर सडक अन्य क्षेत्र | हुमिन-ज्यामिरे सडक बजार क्षेत्र | अन्य सडक बजार क्षेत्र | भित्री बजार क्षेत्र | भित्री अन्य क्षेत्र |
| १-६ | सटर कोठा | २००० | १५०० | २००० | १२०० | १००० | ५०० |
| १-६ | अन्य कोठा | १५०० | १२०० | १५०० | १००० | ८०० | ३०० |

## अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

### व्यवसाय कर

| क्र. सं. | विवरण | विस्तृत विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसाय | नयाँ दर्ता शुल्क | ५०० | |
| | | नवीकरण शुल्क | १५० | |
| | | अभिलेखीकरण शुल्क | ५०० | १० लाख भन्दा बढी पुँजी भइ अन्य निकायमा दर्ता भएको व्यवसायको हकमा |

| | | | | |
|---|---|---|---|---|
| २ | सुर्तीजन्य पदार्थ | दर्ता शुल्क | १०००० | पूर्वखोला गाउँपालिकाको सुर्तीजन्य पदार्थ (नियमन तथा नियन्त्रण) सम्वन्धी ऐन २०८१ ले तोकेको प्रकृया पुरा गर्नुपर्ने। |
| | | नवीकरण शुल्क | १०००० | |
| ३ | संस्था : आमा समुह, क्लव, मन्दिर, टोल विकास संस्था | दर्ता शुल्क | ५०० | |
